द.नं. २५०, श्रम विभाग काठमाडौं
स्थायी लेखा नं. ३०२४८४२५६ (आयकर छुट प्रमाण-पत्र प्राप्त)

नेपाल अडिटर्स एशोसिएसन (अडान)
Auditors' Association of Nepal
Office of the Central Committee, New Baneshwor, Kathmandu, Nepal

# प्रेस विज्ञप्ती

## अडानको केन्द्रीय कार्यसमितिको पूर्ण बैठक, सांगठनिक जिम्मेवारी बांडफाँड, आर्थिक, सांगठनिक प्रतिबेदन सहित २० बुंदे बिशेष प्रस्ताब पारित गर्दै सम्पन्न भयो ।

**२०७९ मंसिर १६, १७ गते, ईन्द्रेणी फुडल्याण्ड, नयाँ बानेश्वर, काठमाडौं ।**

नेपाल अडिटर्स एशोसिएसन(अडान) को छैटौं राष्ट्रिय महाधिवेशन पछिको केन्द्रीय समितिको दोश्रो पूर्ण बैठक अध्यक्ष श्री केदार नाथ पौडेलज्यूको अध्यक्षतामा नयाँ बानेश्वर स्थित ईन्द्रेणी फुडल्याण्ड, काठमाडौंमा बसी कोषाध्यक्ष श्री बलराम चौधरी र महासचिब श्री प्रेम बहादुर श्रेष्ठले पेश गर्नु भएको आर्थिक र सांगठनिक प्रतिबेदन माथि ब्यापक छलफल गरी सुझाव सहित पारित गरियो । बैठकमा देशभरबाट आउनु भएका केन्द्रीय पदाधिकारी एबं सदस्यहरुले आआफ्नो क्षेत्रका पेशागत मुद्धा एबं गतिबिधिका सन्दर्भमा प्रकाश पार्नु भएको थियो । बैठकमा अडानका निबर्तमान अध्यक्ष मोहन राज रेग्मी, सल्लाहकार समितिका सहसंयोजक मोहन कुमार सुबेदी, द्धितीय उपाध्यक्ष अब्दुल करीम खाँ, तृतीय उपाध्यक्ष झलकमणि लम्साल, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान) मा अडानबाट प्रतिनिधित्व गर्ने पार्षदहरु पोषराज नेपाल, भोला नाथ पाठक, शंकर ज्ञवाली, अनुशासन समितिका संयोजक ध्रुब प्रसाद पौडेल, सहकारी विभाग संयोजक झनक राज ढुङगेल लगायतले सम्बोधन गर्नु भएको थियो । बैठकमा अध्यक्ष केदार नाथ पौडेलले स्वागत सहित बिषय प्रवेश मन्तब्य राख्नुभएको थियो भने उपस्थित सबैमा प्रथम उपाध्यक्ष डोलप्रसाद दाहालले धन्यबाद ज्ञापन गर्नु भएको थियो ।

अडानलाई अझ शसक्त क्रियाशिल, पेशागत नमूना संगठन बनाउन केन्द्रबाट सम्बन्धित प्रदेशको उपाध्यक्षको संयजकत्वमा कार्य बिभाजन गरि जिम्मेवारी समेत तोकेको छ । एशोसिएसनका बैठकहरु नियमित, प्रभावकारी पारदर्शि एवं परिणाममुखि बनाउन सबै प्रदेशका केन्द्रिय उपाध्यक्षज्युहरुको संयोजकत्वमा तत् तत् प्रदेशमा रहनु भएका उपमहासचिव, सचिव एवं केन्द्रीय सदस्यज्युहरुलाई सहभागि गराई साँगठनिक गतिविधीहरु सञ्चालन गर्ने र हरेक प्रदेशमा बर्षमा कम्तीमा चार पटक बिस्तारीत बैठकहरु केन्द्रीय उपाध्यक्षज्यूहरु मार्फत सञ्चालन गर्ने र संस्थाका ६५ जिल्लामा एशोसिएसनको साँगठनिक संरचना भए पनि त्यसलाई केन्द्रसंग जोडिने गरि कार्यक्रम नभएको महशुस भएकोले सबै सदस्यलाई क्रियासिल बनाउने गरि **"पेशागत ज्ञान आत्मसम्मान, हरेक सदस्यसंग हाम्रो अडान"** भन्ने अभियान सहित सदस्यहरुलाई पेशागत ज्ञान दिई दक्ष बनाउने र संगठनात्मक ब्यवहारलाई ब्यवस्थीत गर्न कार्य योजना सहित सबै संगठनात्मक संरचना परिचालन गर्ने निर्णय गरियो ।

बैठकमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासंग सम्झौता भई कार्यान्वयन नभएका मुद्धाहरु चाँडो सम्बोधन गर्न, सूचीकृतका सम्बन्धमा उठेका समस्याहरुको दीर्घकालीन हल गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ( आईक्यान) बढ्दो बेरोजगारी समस्यालाई तत्काल समाधानका उपायहरु खोज्न, बढ्दो मूल्य बृद्दि नियन्त्रण गर्न, बढ्दो तरलता अभावको समस्यालाई समाधान गर्दै बिभिन्न राष्ट्रिय अन्तराष्ट्रिय असरहरु बारे गम्भिर हुन सरकारलाई समेत ध्यानाकर्षण गरेको छ ।

बैठकले निम्नानुसारका २० बुंदे बिशेष प्रस्ताब पारीत गर्दै लेखापरीक्षकहरुका जल्दाबल्दा बिषयमा ध्यान दिई समस्या समाधानका लागि राज्य र सम्बन्धित सबैमा ध्यानाकर्षण समेत गरेको छ ।

## पारित बिशेष प्रस्तावहरु

१. मिति २०७९ मंसीर ४ गते सम्पन्न संघिय (प्रतिनीधि सभा) तथा प्रदेश सभाको निर्वाचनबाट निर्वाचित सम्पूर्ण सांसदज्यूह्रुलाई हार्दिक बधाई ज्ञापन गर्दै वहाँहरुको आगामी पाँच वर्षे कार्यकालमा मुलुकले राजनैतिक स्थायित्व प्राप्त गरि आर्थिक विकासमा फड्को मार्न सकोस् भन्ने यो बैठक अपेक्षा गर्दछ ।

२. रोजीरोटीका निम्ति जनता विदेशीनु नपर्ने गरी स्वदेशमानै रोजगारी श्रृजना गर्न सक्ने वातावरण बनाउन यो बैठक जोडदार माग गर्दछ ।

३ बैंक ऋणको ब्याजमा अत्यधिक वृद्धी भै अर्थतन्त्रमा परेको नकारात्मक असरका कारण आर्थिक मन्दी लगायत विभिन्न समस्या उत्पन्न भै ब्यावसायिक प्रतिष्ठानहरु सहजै सँग संचालन हुन नसकिरहेको वर्तमान् अवस्थामा जनजीविका साथै सहज ब्यवसायिक वातावरण तयार गर्न यो बैठक नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

४ लामो समयदेखी भईरहेको रसिया र युक्रेनबीचको युद्धले बिश्वको अर्थब्यवस्थामा हलचल ल्याएको छ । रसिया र युक्रेनबीचको तनावसंगै खाधान्नमा अस्वभाविक मूल्य बृद्धि भै सुन चाँदी लगायतका बस्तुहरु महङ्गीएका छन् भने बिश्व शेयर बजारलाई नराम्रोसँग असर गरिरहेको छ । तत्काल युद्ध अन्त्य गर्दै शान्ति कायम गर्न सम्बद्ध सबै पक्षसँग यो बैठक जोडदार अपिल गर्दछ ।

५. चार्टर्ड एकाउन्टेन्ट्सहरुलाई वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट (FCA) बनाए सरह रजिष्टर्ड अडिर्टर्सलाई पनि वरिष्ठ अडिटर (FRA) बनाउन नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐनमा आवश्यक संसोधन गर्न यो बैठक जोडदार माग गर्दछ ।

६. लेखामानहरुलाई सरलिकृत गरी सबै नागरिक, उद्योगी ब्यबसायिहरुले बुझ्ने बनाई, लेखा ब्यवस्थापन सम्बन्धि कार्यलाई सहज र सरल बनाउन यो बैठक जोडदार माग गर्दछ ।

७. यस एशोसिएसन र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान) बीच विगतमा भएका सम्झौताहरु र एशोसिएसनले ध्यानाकर्षण गराएको बिषयहरु हाल सम्म पनि कार्यान्वयन नभएकोले सिघ्र कार्यान्वयनका लागि यो बैठक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था समक्ष जोडदार माग गर्दछ ।

८. संविधान कार्यान्वयनसंगै सबै ऐन कानूनको परिमार्जन गर्नुपर्ने भएकोले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन पनि परिमार्जन गरी सबैखाले विभेदहरु अन्त्य गरी लेखापरीक्षकहरुको सदस्यतामा समान हैसियत कायम गराउन र कारोबारको सीमा हटाउन नेपाल सरकार र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) संग जोडदार मांग गर्दछ साथै ऐनको परिमार्जनको सन्दर्भमा आपसी छलफल र सहमतिको माध्यमबाट अघि बढ्न र खुला दिलले चांडो भन्दा चांडो कानून बनाई लागु गर्न यो बैठक जोडदार आग्रह गर्दछ ।

९. धितोपत्रवोर्डको नियमावलीमा शेयर दलालहरुको लेखापरीक्षण तथा अन्य कतिपय क्षेत्रका लेखापरीक्षण चार्टर्ड एकाउन्टेन्ट बाट मात्र हुने गरी दर्तावाला लेखापरीक्षकहरुलाई लेखापरीक्षण गर्नवाट वञ्चित गराईएकोछ । चार्टर्ड एकाउन्टेन्ट्स नियमावलीमा चार्टर्ड एकाउन्टेन्ट संस्था आफैले जारी गरेको लेखापरीक्षकहरुको वर्ग अनुसार तोकिएको सिमासम्म लेखापरीक्षण गर्न पाउने अधिकार

विपरित आईक्यानका एकै सदस्यहरु वीच उक्त बोर्डको नियमावलीले गरेको पक्षपातपूर्ण व्यबहारलाई गम्भिरतापुर्वक लिई तत्काल सच्याउन साथै राज्यका बिभिन्न निकायहरुले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ विपरीत कतिपय ऐन कानून, नियमावली र निर्देशिकाहरुमा **सम्बन्धित निकायको लेखापरीक्षण चार्टर्ड एकाउन्टेन्टबाट गरिनेछ** भन्ने लेखिएको पाइएकोछ । उक्त विभेदकारी ब्यवस्थालाई तत्काल सच्च्याई "**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट मान्यता प्राप्त लेखापरीक्षकबाट सम्बन्धित निकायको लेखापरीक्षण गरिनेछ"** भन्ने शब्दको प्रयोग गर्न सम्बद्ध पक्षहरुसँग यो बैठक जोडदार मागगर्दछ ।

१०. सहकारी ऐन, २०७४ ले कुनै एक सहकारीमा सञ्चालक सदस्य रहेको लेखापरीक्षकले देशभरका अन्य कुनै पनि सहकारीहरुमा समेत लेखापरीक्षण गर्न नपाउने भनी गरेको व्यबस्थाले स्वतन्त्र रुपमा पेशा व्यवसाय गर्न पाउने संबैधानिक र नैसर्गिक अधिकार समेत कुण्ठित भएको हुंदा र अन्य कुनै पेशामा यस्तो प्रकारको ब्यवस्था नरहेकोले सो बन्देज तत्काल खारेज गर्न यो बैठक जोडदार माग गर्दछ ।

११. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ मा भएका बिद्यमान सबै विभेदको अन्त्य गरी समान हक कायम हुने ब्यवस्था गर्न तथा संघियताको मर्म र भावना अनुसार राज्यमा सबै निकाय प्रादेशिक संरचनामा गैसकेको अवस्थामा आईक्यानको प्रादेशिक परिषदको तत्काल ब्यवस्था गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासँग यो बैठक जोडदार माग गर्दछ ।

१२. लेखाव्यावसायमा आएका नविनम् प्रविधिले लेखापरीक्षणको कार्यमा चुनौतीको साथसाथै अवसर पनि सृजना गरेको छ । लेखापरीक्षण मानहरुमा भएका प्रावधानहरुको परिपालना गरी लेखापरीक्षण कार्यलाई अझ मर्यादित र ब्यवस्थित गर्न सम्पूर्ण सदस्यहरुलाई यो बैठक जोडदार अपिल गर्दछ ।

१३. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा रहेका ७२९८ रजिष्टर्ड अडिटर्स सदस्यहरुको काउन्सिलमा समानुपातिक प्रतिनिधित्व हुने गरी ब्यवस्था गर्न तथा आइक्यानका जो कोही योग्य सदस्यले संस्थाको अध्यक्ष वा उपाध्यक्षको रुपमा चुनिन सक्ने ब्यवस्था गर्दै रजिष्टर्ड अडिटरहरुलाई नेतृत्वमा पुग्न नदिने गरी लगाईएको बन्देज हटाउन नेपाल सरकार र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था समक्ष यो बैठक जोडदार माग गर्दछ ।

१४. लेखापरीक्षण गर्नकै लागि कतिपय संस्थाहरुमा सूचीकृत गर्नुपर्ने प्रावधान हालसम्म पनि कायमै रहेको पाईकाले सोको स्थायी समाधान गर्न तथा स्थानीय, प्रादेशिक र संघीय सरकारबाट जारी हुने र भैसकेका सवै ऐन, कानून, नियमावली र निर्देशिकाबाट त्यस्तो प्रावधान हटाई स्थायी रुपमा सो को समाधान गर्न यो बैठक जोडदार माग गर्दछ ।

१५. नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाबाट जारी सवै लेखापरीक्षणमान तथा आवश्यकता अनुसारका कानूनहरुको परीपालना संस्थाका सवै सदस्यले वरावरी रुपमा गर्नुपर्ने हुन्छ । लेखापरीक्षणमान तथा कानूनहरुको परीपालना नगरी लेखापरीक्षण प्रतिवेदन जारी गरेमा त्यस्ता सदस्यहरुलाई कारबाही गर्ने ब्यवस्था कानूनमा गरिएको छ । नेपालको संबिधान २०७२ को धारा १८ (१) मा समानताका हकको ब्यवस्था गरिएकोछ, जसमा सबै नागरिक कानूनका दृष्टिमा समान हुने छन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भनिएको छ तर सबै बर्ग समुदायको बलिदानी संघर्षबाट निर्माण गरिएको संविधानको भावना बिपरित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ऐन, २०५३ तथा नियमावलीमा दर्तावाला लेखापरीक्षकहरुलाई अधिकारबाट बन्चित गर्ने गरि विभेदकारी व्यवस्थाहरु गरिएकाले त्यस्ता व्यवस्था

खारेज गरी सबै सदस्यहरुलाई समान अधिकार राज्यले प्रदान गरी योग्यता, अनुभव र क्षमताको आधारमा सबै रजिष्टर्ड

अडिटरहरुलाई लेखापरीक्षण गर्ने अधिकार स्थापित गर्नका लागि विद्यमान बिभेदकारी सबै व्यवस्था हटाउन यो बैठक जोडदार माग गर्दछ ।

१६. मुलुकभरका सम्पूर्ण लेखापरीक्षकहरुलाई लेखापरीक्षणका विभिन्न मानहरु कार्यान्वयन गराउने सन्दर्भमा गम्भिर हुन र आचारसंहितालाई पालना गरी पेशालाई मर्यादित र प्रभावकारी बनाउन संगठन एवम् सदस्यहरुको व्यापक क्रियाशिलता मार्फत पेशाको छवी र गरीमा अभिवृद्धि हुने गरी आफना काम कारवाहीलाई अघि बढाउन यो बैठक हार्दिक आग्रह गर्दछ ।

१७. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३० मा दर्तावाला लेखापरीक्षकहरुलाई लेखापरीक्षक ऐन, २०३१ वमोजिम सुविधावाट वञ्चित गरिने छैन भन्ने व्यवस्था भएता पनि सो ऐन विरुद्ध नियमावलीमा ऐनको अधिकार कटौती गर्नु कानूनको सामान्य सिद्धान्त विपरित भएकोले त्यस्ता प्रावधान तत्काल खारेज गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था लगायत सम्वद्ध निकायहरुसंग यो बैठक जोडदार माग गर्दछ ।

१८. बित्तीय विवरण उपर राय प्रस्तुत गर्ने लेखापरीक्षकहरुलाई आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा १२७ ले मतियार भनी गरेको ब्यवस्थालाई तत्काल हटाउन यो बैठक जोडदार रुपमा माग गर्दछ ।

१९. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी गरिएका लेखामान अनुसार वित्तीय विवरणहरु तयार गर्ने प्रमुख दायित्व निकायहरुको नै भएको र सोहि बमोजिम विबरण तयार गर्नका लागि लेखा व्यवसायिलाई प्रशिक्षित गरि तोकिएको लेखा मापदण्ड अनुरुप वित्तीय विवरण तयार गर्नु पर्ने र लेखापरीक्षकले सो अनुसार भए नभएको राय दिने कार्य मात्र भएकोमा लेखापरीक्षकले नै तोकिएका लेखामान र विधि बमोजिम वित्तीय विवरण तयार गर्नु पर्ने जस्तो गरि गलत बुझाई भएकाले सो उपर सम्वन्धित सरकारी निकाय र व्यवसायिहरुलाई गम्भिर हुन यो बैठक हार्दिक अपिल गर्दछ ।

२०. नेपाल अडिटर्स एशोसिएसनको छैटौं राष्ट्रिय महाधिबेशनबाट निर्वाचित यस कार्य समितिको दोश्रो पूर्ण बैठकमा उपस्थित भई बैठकलाई भव्यरुपमा सम्पन्न गर्न सहयोग गर्नु हुने केन्द्रिय समितिका सम्पुर्ण पदाधिकारीज्यूहरु, केन्द्रीय सदस्यज्युहरु, कर्मचारी साथिहरु लगायत सबैमा यो बैठक हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछ ।

मितिः-२०७९/०८/१७

(डोल प्रसाद दाहाल)
प्रथम उपाध्यक्ष एवं
संयोजक, प्रचार प्रसार विभाग